# देवभूमी

Devbhumee National Daily
राष्ट्रिय दैनिक

वर्ष : ०१ अंक : २४ २०८० साल फागुन २८ गते सोमबार (11 MAR. 2024) पृष्ठ : ४ मूल्य रु : ५/-




## १२ बर्षीया छोरी बलात्कार गरेको आरोपमा बाबु पक्राउ

● देवभूमी सम्वाददाता

**अछाम**-अछामको मंगलसेन नगरपालिका-१४ मा १२ वर्षिया छोरीलाई बलात्कार गरेको अभियोगमा एक व्यक्ति पक्राउ परेका छन ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख डिएसपी सन्तोष पाठकअनुसार शनिबार साँझ ४ बजेको समयमा अत्याधिक मादक पदार्थ सेवन गरेर लठ्ठ भएका बाबुले छोरीलाई एक्लै भएको मौकामा बलात्कार गरेको जाहेरीमा उल्लेख छ ।

बालिकालाई लिएर आमाले प्रहरीमा जाहेरी दिएकी छन । आरोपित बुवालाई शनिबार नै पक्राउ गरेर अनुसन्धान गरिरहेको डिएसपी पाठकले बताए । 'आमाले घटना थाहा पाएपछि प्रहरीले जानकारी पाएको हो । शनिबार साँझै अभियुक्तलाई नियन्त्रणमा लिइएको छ । र स्याद थप गरी थप अनुसन्धान भइरहेको छ,' उनले भने ।

बलात्कृत नाबालिकको स्वास्थ्य परीक्षण भइसकेको छ । प्रारम्भिक अनुसन्धानका क्रममा किशोरीमाथि बलात्कार भएको देखिएको छ । आमाछोरीलाई हाल सेफ हाउसमा राखिएको छ ।

## बाघको छालासहित एक पक्राउ

**दार्चुला (देस)**-प्रहरीले मार्मा गाउँपालिका-२ लटिनाथ बजारबाट बाघको छालासहित एक जनालाई पक्राउ गरेको छ ।

आइतबार साँझतिर नौगाड गाउँपालिका-४ सिप्टीका अन्दाजी ३६ वर्षिय शेरसिह धामीलाई बाघको छालासहित नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । मार्माको लटिनाथ बजारबाट दुई वटा पहाडी बाघको छालासहित धामीलाई नियन्त्रणमा लिइएको हो ।

प्रहरीको गोप्य सूचनाको आधारमा धामीलाइ चेकजाँच गर्दा धामीको साथमा रहेको झोलाभित्र दुई वटा बाघको छाला भेटिएका थिए । बाघको छालासहित नियन्त्रणमा लिएका धामीलाई इलाका प्रहरी कार्यालय लटिनाथबाट सदरमुकाम ल्याउने तयारी भइरहेको र घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।




### सुदूरपश्चिममा बढ्दै अपराध

## सात महिनामा दुई हजार पिडीतका उजुरी प्रहरीमा

● देवभूमी सम्वाददाता

**चालु आर्थिक बर्षको सात महिने अवधीमा विभिन्न प्रकृतिका दुई हजार १७ अपराधिक घटनाका उजुरीहरु प्रहरीमा**



**डडेल्धुरा**-पछिल्लो समयमा अपराधिक कृयाकलापहरु बढ्दै गएको सुदूरपश्चिम प्रदेशमा चालू आर्थिक वर्षको सात महिनाको अवधिमा बिभिन्न अपराधका दुई हजार बढी घटना नेपाल प्रहरीमा दर्ता भएका छन ।

चालु आर्थिक बर्षको साउनदेखि माघ मसान्तसम्मको अवधिमा विभिन्न प्रकृतिका दुई हजार १७ अपराधका उजुरीहरु प्रहरीमा दर्ता भएको सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीले जनाएको छ । प्रदेशका नौवटै जिल्लामा विभिन्न प्रकृतिका दुई हजार १७ घटना प्रहरीमा दर्ता भएका छन ।

सबैभन्दा बढि सामाजिक अपराधका चार सय ४०, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका दुई सय ५२, भेदभाव तथा अपमानजन्य व्यवहार सम्बन्धी एक सय ६५, आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी आठ तथा सार्वजनिक शान्ति विरुद्ध, नागरिकता र कुटपिट तथा अङ्गभङ्ग सम्बन्धी समान पाँच/पाँच उजुरी प्रहरीमा दर्ता भएका छन ।

सबैभन्दा बढी लागुऔषध दुर्व्यसनीका तीन सय पाँच उजुरी प्रहरीमा दर्ता भएका छन भने हातहतियार खरखजाना सम्बन्धी ११ तथा अपहरण वा शरीर बन्धक सम्बन्धि एक कसुरमा उजुरी दर्ता भएको प्रहरीले जनाएको छ ।

देहत्यागका तीन सय २४ घटना दर्ता भएका छन भने ज्यान सम्बन्धी कसुरका तीन सय उजुरी प्रहरीमा दर्ता भएका छन । भवितव्य ज्यानका एक सय ३२, फुटकर ज्यानका ८५, ज्यान मार्ने उद्योगका ४१, कर्तव्य ज्यान कसुरका २४, आत्महत्या गर्न दुरुत्साहन गरेको १५ तथा गर्भ संरक्षण विरुद्धको कसुरमा तीन घटना घटेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

महिला तथा बालबालिका सम्बन्धि एक ८६ घटना प्रहरीमा दर्ता भएको र जसमध्ये सबैभन्दा बढी जबरजस्ती करणीका एक सय र जबरजस्ती करणी उद्योगका ३२ उजुरी छन ।

सवारी सम्बन्धि एक सय नौ, सवारी ज्यान ६६, सवारीबाट भवितव्य ३४ र सवारी अङ्गभङ्ग सात उजुरी छन । चोरी सम्बन्धि ९९, साधारण चोरी ७५, नकबजनी चोरी १० तथा डाका चोरी र सवारी चोरीका समान सात/सात उजुरी छन ।

बहुविवाह ३७, बालविवाह, मानव बेचबिखन तथा ओसारपसार र यौन दुराचारका समान पाँच/पाँच, बाल यौन दुराचारका दुई उजुरी प्रहरीमा दर्ता भएका छन । प्रहरीले विविध अपराध शिर्षकमा कुल एक सय ७४ उजुरी दर्ता भएको जनाएको छ । जसमा बैङ्किङ कसुरका सबभन्दा बढी एक सय ४३ उजुरी दर्ता भएका छन ।

## गठबन्धन सरकारले स्थायित्व पाउने मन्त्री भण्डारीको दाबी

● देवभूमी सम्वाददाता

**डडेल्धुरा**-नवनियुक्त उद्योग बाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीले नयाँ गठबन्धनको सरकारले स्थायित्व पाउने दाबी गरेका छन ।

गृहजिल्ला बैतडी जाने क्रममा आईतबार एमाले डडेल्धुराको कार्यालयमा आयोजित स्वागत तथा अभिनन्दन कार्यक्रममा मन्त्री भण्डारीले बर्तमान सरकारले राजनीतिक अस्थिरताको अन्त्य गर्ने जिकिर गरे ।

'यो सरकार चारै बर्ष चल्छ,' उनले भने । सरकारको स्थायित्वका लागि साना दलहरूलाई सरकारमा आउन आग्रह गर्दै उनले सरकार बनाउने र ढाल्ने खेलका कारण जनतामा नैरश्यता देखिएकाले

बाँकी समाचार पेज तीनमा

देवभूमी राष्ट्रिय दैनिक ई-पेपरमा पढ्न www.jhilkonews.com लग इन गर्नुहोस ।

## महान वाणी

*कुनै व्यक्ति कुनै कार्यमा असफल हुन्छ भने त्यसको कारण उसको दुर्भाग्य नभई उसको संकल्पको निर्बलता हो ।*

-खप्तड बाबा

## सम्पादकीय

# सुध्रने संकल्प जरूरी

केन्द्रीय सत्ता समिकरणमा अप्रत्यासित रुपमा भएको फेरबदलसँगै सत्ता साभेदार नेकपा (माओवादी) केन्द्र र नेकपा (एकीकृत समाजवादी) ले सरकार छोडेर अल्पमतमा परेको मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सुदूरपश्चिम प्रदेश सरकार एकाएक विस्तार गरिएको छ। समर्थन फिर्ता लिएपछि नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी) का मन्त्रीहरुलाई बर्खास्त गरेका मुख्यमन्त्री शाहले सरकार अल्पमतमा परेका बेला नागरिक उन्मुक्ती पार्टीका सांसदहरुलाई मन्त्री बनाएका छन। अल्पमतमा परेकै बेला मुख्यमन्त्री शाहले गत बिहीबार राति एकाएक असमावेशी ढंगले सुदूरपश्चिम प्रदेश सरकार विस्तार गरेका छन। सरकार विस्तार गर्दा पनि समावेशी बनाउन नसकेपछि मुख्यमन्त्री शाहको तिव्र आलोचना भएको छ।

सुदूरपश्चिम प्रदेशमा तराई, पहाड र हिमाल गरेर केवल ९ जिल्ला छन । तर, सुदूरपश्चिम प्रदेश सरकारमा दुई जिल्लामै समेटिएका छन। सात सदस्यीय सरकारमा ६ जना मन्त्री एउटै जिल्ला कैलालीका छन। आन्तरिक मामिला तथा कानूनमन्त्री शिवराज भट्टमात्रै बैतडी जिल्लाका हुन। त्यसबाहेक मुख्यमन्त्री शाहसहित बाँकी सबै मन्त्रीहरु कैलाली जिल्लाबाट प्रतिनिधित्व गर्दछन। कैलालीका कतिपय प्रतिनिधिसभाअन्तर्गत रहेका दुवै प्रदेशका सांसदले मन्त्री बन्ने सौभाग्य पाएका छन। कैलालीमा प्रतिनिधिसभातर्फ ५ र प्रदेशसभातर्फ १० निर्वाचन क्षेत्र छन । कैलालीसँगै जोडिएको प्रतिनिधिसभातर्फ ६ र प्रदेशसभातर्फ १२ वटा निर्वाचन क्षेत्र रहेको कञ्चनपुरबाट एक जना पनि मन्त्री नियुक्त गर्न नसकेका मुख्यमन्त्री शाहले असमावेशीतन्त्रको उदाहरण पेश गरेका छन ।

मुख्यमन्त्री शाह कैलाली प्रतिनिधिसभा क्षेत्र नं २ को प्रदेशसभाबाट निर्वाचित भएका थिए। त्यसै क्षेत्रको अर्को प्रदेशसभाबाट निर्वाचित रामेश्वर चौधरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री छन। प्रतिनिधिसभा क्षेत्र नं ३ का दुबै प्रदेशसभाका सांसदले बिहीबार मन्त्रीको शपथ खाएका छन। घनश्याम चौधरी आर्थिक मामिलामन्त्री नियुक्त हुँदा खुसीराम चौधरी विना विभागीय मन्त्री बनेका छन। त्यस्तै भौतिक पूर्वाधार विकासमन्त्री प्रकाश देउवा पनि कैलालीबाट निर्वाचित हुन । कैलालीबाट समानुपातिक सांसद भएकी इन्दिरा गिरीले भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्रीको जिम्मेवारी पाएकी छन। अल्पमतमा परेका मुख्यमन्त्री शाहलाई सरकार विस्तारले पनि राहात दिएको छैन।

५२ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा सरकारलाई बहुमत पुऱ्याउन २७ जना सांसद आवश्यक पर्छ । अहिले प्रदेश सरकारलाई कांग्रेसका १८ र नागरिक उन्मुक्ति पार्टीका ७ गरी २५ जना सांसदको मात्रै समर्थन रहेको छ। सरकारमा रहेको यी दुई दलले बहुमत पुग्दैन। तर, बहुमत पुऱ्याउन छाडेर मुख्यमन्त्री शाहले आफ्नो सरकार अल्पमतमा हुँदाहुँदै असमावेशी ढंगले सरकार विस्तार गरेका छन। यसले सुदूरपश्चिम प्रदेश सरकार सुध्रिनु भन्दा पनि अझ बढि बिग्रने सम्भावनाको संकेत गरेको छ। सरकारको नेतृत्व गरेको कांग्रेस सुध्रिनै नसक्ने गरी बिग्रेको त होइन ?

# कृषि पेसाको व्यवसायीकरण



✍ ईश्वरचन्द्र ज्ञवाली



**करिब १३ प्रतिशत जनसंख्या भएको दलित समुदायको आत्मसम्मानमा अविच्छिन्न प्रहार लाई नदेखेझैं गरी हिंड्ने दुस्साहस गरियो भने जात व्यवस्था झन् मौलाएर जानेछ र कैयौं कोशिलाको ज्यान असुरक्षित**

नेपालमा कृषि उत्पादनका क्षेत्रमा अझै पनि सामन्तवादी प्रणाली विद्यमान छ। जमिनदारी प्रथा पनि अझै निर्मूल हुन सकेको छैन। धेरै कृषियोग्य जमिन सहरिया धनी वर्गको नियन्त्रणमा छ। काठमाडौंमा वा अन्य सहरमा ठुलाठुला आलिसान भवनमा बस्ने धनीले गाउँका कृषियोग्य जमिनको ठूलो हिस्सा ओगटेका छन ।

खेती गर्ने किसानसँग आफ्नो जमिन छैन। अँधिया, त्रिखण्डी, ठेक्का, करार (लिज) मा खेती गरिएकाले उत्पादनमा निरन्तर क्षयीकरण हुँदै गएको छ। पहाडबाट बसाइँसराइका कारण त्यहाँको जमिन जङ्गल, बाँझो, चरनमा परिणत हुँदै गएको छ र बस्ती खाली हुँदै छन। असन्तुलित विकासे मोडलले दुर्गम र पहाडी क्षेत्र उपेक्षित हुँदा जनसंख्या पलायन मात्र होइन, घट्दो छ।

मधेशमा सुकुम्बासी, ऐलानी, पर्ती जग्गाका बसोबासीहरू अव्यवस्थित छन। बसाइँसराइको चाप मधेशले खेप्न थालेको छ। हाम्रो कृषिपद्धति केवल निर्वाहमुखी, कामचलाउ र परिवार धान्न लक्षित छ। कृषिमा न वैज्ञानिक विधि, न आधुनिकता न त आधुनिक आविष्कारको उपयोग हुन सकेको छ।

यान्त्रिकीकरणद्वारा महँगो उत्पादन लागत घटाउने काम हुन सकेको छैन। न कृषि मजदुरको अभावलाई यन्त्रद्वारा हल गर्न सकिएको छ। कृषिमा आधुनिकीकरण हुन नसक्दा उत्पादन लागत मात्र उठाउन पनि किसानलाई धौ धौ पर्न थालेको छ। कृषिको व्यावसायीकरण भएको छैन। तसर्थ किसानको नगद आम्दानी हुने स्रोत पनि छैन। कृषि जनशक्ति यस क्षेत्रबाट पलायन हुँदै गएको छ।

बालीनाली लगाइने जमिन प्रत्येक वर्ष सरदर आठ हजार हेक्टरका दरले घट्न सुरु गरेको छ। यसका साथै जमिनको खण्डीकरण तीव्र रूपमा बढ्दो छ र उत्पादन क्षति पनि बढ्दो छ। 'प्लटिङ' का नाममा लाखौं हेक्टर जमिन घडेरीका रूपमा बाँझै छ। जमिनको वर्गीकरण गरी खेती लगाउने ठाउँमा अन्य संरचना निर्माण र 'प्लटिङ' को होडलाई निषेध गर्नुपर्ने थियो तर हुन सकेको छैन ।

आकासे पानीको भरमा खेती लगाउनुपर्ने बाध्यता पनि हटेको छैन। सिँचाइ सुविधाको व्यापक विस्तार हुन नसक्दा मौसमी खेती गर्न किसान बाध्य छन । जलवायु परिवर्तनको असरले गर्दा उपयुक्त समयमा पर्याप्त वर्षा हुन छाडेको छ। जसले उत्पादनमा प्रभाव पारेको र त्यसको क्षतिपूर्ति किसानले नपाउँदा गरिबी दर बढ्दै जाने स्थिति छ। कृषि, पशु, बाली बिमा जनतासम्म पुग्न सकेको छैन। जमिनको आधुनिक र वैज्ञानिक उपयोग हुन नसक्दा सामूहिक खेती प्रणाली, चक्लाबन्दी, सहकारी र साझेदारी फार्म निर्माण हुन सकेका छैनन्।

फेरि वन्यजन्तु, रोग, किराबाट संरक्षण र उपचारको व्यवस्था नभएकोले किसान मर्कामा छन । खेती, बाली, पशुपालन, फलफूल, नगदेबाली जस्ता क्षेत्रलाई व्यापारिक र व्यवसायी उद्देश्यले उत्पादन गरिएको छैन। नाफा कमाउने, किसानको नगद आयस्रोत बनाउने उद्देश्य नै छैन। फलतः कृषि पेसाबाट युवा पलायन भएको छ। उत्पादनमा लागेकाहरू पनि निराश छन ।

### कृषि क्षेत्रका समस्या

नयाँ नयाँ प्रविधि, उच्च नश्लीय पशु, उन्नत बिउबिजन, छिटो उत्पादन हुने विकसित विधि, बहुबाली विकास, मलखाद, विषादीको सहज उपलब्धता नहुनाले पनि उत्पादनमा असर परेको छ। कुनै वर्ष प्राकृतिक रूपमा उत्पादन वृद्धि हुँदा भण्डारणको समस्या तेर्सिन्छ। शीतभण्डार पर्याप्त छैनन् । फलतः किसान आफ्नो उत्पादन सस्तोमा बेच्न विवश हुन्छ।

उत्पादित वस्तुको भण्डारण, बजारीकरणको समुचित व्यवस्था पनि छैन। कृषि उत्पादन विनिमय प्रणाली पनि शोषण र एकाधिकारमा आधारित छ। बिचौलिया मोटाउने र किसान, उपभोक्ता दुब्लाउने स्थिति हटेको छैन। कृषि उत्पादन खरिद बिक्री केन्द्र, बजारीकरण तथा व्यवसाय सञ्चालन गर्ने स्थान सहज प्राप्य छैनन्। त्यसैले काम नगर्ने तर बिचमा बसेर दलाली गर्दै नाफा सोहोर्ने व्यवसाय मौलाउँदो छ।

यसरी बिचौलियाले लुट्न पाउने स्थिति हुनु बजारीकरण र बिक्री वितरण केन्द्रमा किसानको पहुँच नहुनु हो। जसले उत्पादित वस्तु सडकमा फाल्नुपर्ने, सडकमा लगेर पोख्नुपर्ने, खेतबारीमै कुहिएर जाने, गाईभैंसीलाई खुवाएर चित्त बुझाउनुपर्ने बाध्यता छन। देशमा अर्थतन्त्र मात्र होइन, कृषि क्षेत्र पनि आयातमुखी नै छ।

फलतः धान, चामल, दाल, तेल, गहुँ, पिठो, आलु, प्याज, लसुन, अन्डा, चल्ला, फलफूल, सागसब्जी, खसी, राँगा, च्याङ्ग्रा जस्ता आधारभूत उपभोग्य खाद्यवस्तुसमेत आयात निर्भर छ। तीन महिनामा ४६ अर्बको चामल, ३६ करोडको लसुन, ४५ करोडको प्याज, दैनिक छ करोडको सागपात तरकारी, मासिक ८५ करोडको फलफूल आयात गरेको तथ्याङ्ले त्यसको पुष्टि गर्छ।

आधुनिक, वैज्ञानिक औजार प्रविधि, उन्नत बिउबिजन, बिरुवा तथा चरा, पशुको उन्नत नश्लको अभावकै कारण कृषिमा लागतसम्म नउठ्ने अवस्था छ। वर्षमा अर्बौंको मासु आयात गरिन्छ। समग्रमा ३.५ खर्बको कृषिजन्य खाद्यवस्तु (बजेटको लगभग २१ प्रतिशत) वार्षिक आयात हुन्छ भन्ने सरकारी तथ्याङ्ले आयातमुखी कृषि पद्धतिलाई नै देखाउँछ।

### नवीकरणको पक्ष

देशमा खेतीपाती, पशुपन्छी, फलफूल, जडीबुटी, वनस्पति आदिसित सम्बन्धित न खोज अनुसन्धान केन्द्र नै छन, न त तिनको विकास विस्तार। यो पनि कृषि क्षेत्रको ठूलो समस्या हो। एउटा मलखाद कारखानासम्म देशमा नहुनाले हरेक वर्ष बाली लगाउने बेला किसान छट्पटाउनुपर्ने अवस्था छ।

अझ त्यसैमा खाद्यान्नको मूल्य समयमै निर्धारण नहुनुले धान, उखु, तोरी, मकै, दलहन जस्ता खाद्यान्न सस्तोमा बेच्ने र महँगोमा किन्ने बाध्यता छ। नगदे बाली, उखु, दुध जस्ता वस्तुको बेचेको पैसासमेत वर्षौंसम्म नपाएर किसान हैरान भएका समाचार आइरहेका छन। मिटरब्याजेहरूले २० औं हजार किसान परिवारको उठिबास लगाइरहेको पक्ष अर्कै छ।

खेतीपाती, अन्नबालीका विशेष

बाँकी विचार पेज तीनमा

# छाडा पशुचौपाया व्यवस्थापन गर्न महायज्ञ सुरु

● देवभूमी सम्वाददाता

कञ्चनपुरको कृष्णपुर नगरपालिकामा छाडा पशुचौपाया व्यवस्थापनका लागि आर्थिक स्रोत जुटाउन महायज्ञ सुरु गरिएको छ ।

आइतबारदेखि जिल्लाको कृष्णपुर-४ बिन्द्रावनमा राजमार्ग तथा समुदायमा छाडिएका पशुचौपाया व्यवस्थापनका लागि महायज्ञ सञ्चालन गरिएको हो ।

ग्वाँसी समैजी गौशाला व्यवस्थापन समिति र कृष्णपुर नगरपालिका वडा नं ४ को आयोजनामा महायज्ञ सञ्चालन भएको हो । ११ सय कलशसहित यात्रा निकालेर महायज्ञ उद्घाटन गरिएको छ ।

उद्घाटन गर्दै सुदूरपश्चिम प्रदेशका प्रमुख देवराज जोशीले सामुदायस्तरमा उत्पन्न भएको पशुचौपायाको समस्या समाधानका लागि गरिएको पहल सराहनीय भएको बताए । ग्वाँसी समैजी गौशाला व्यवस्थापन समितिका अध्यक्ष भक्तबहादुर खड्काले छाडिएका पशुचौपायाको व्यवस्थापन गर्दै त्यसबाट बहुमुखी लाभ लिने उद्देश्यका साथ महायज्ञ सञ्चालन गरिएको बताए ।

कृष्णपुर नगरका प्रमुख हेमराज ओझाले नगरपालिकाबाट उत्तरी क्षेत्र १ र ४ मा ठूलो परिमाणमा पशुचौपाया व्यवस्थापन गरिने जानकारी दिए ।

# कृषि पेसाको व्यवसायीकरण ...........

पकेट क्षेत्र, पशुपालन, फलफूल, जडीबुटी उत्पादनका विशेष क्षेत्र तोकेर सार्वजनिक-निजी-सहकारी प्रणालीमा कृषि व्यापार व्यवसाय मात्रै गर्ने उद्देश्यले देशभर हजारौं केन्द्र स्थापना गर्ने योजना बनाउने हो भने कृषिमा लागत बढेर उत्पादनको गिर्दो स्थितिलाई रोक्न सकिन्थ्यो ।

कृषिका विशेष उत्पादन क्षेत्र बनाउने र तिनमा आवश्यक पर्ने सबै प्रकारका कृषि सामग्री, औजार, प्रविधि, अनुसन्धानकर्ता, विज्ञहरू, डाक्टरहरू, औषधी उपचार आदिको समुचित व्यवस्था गरिनुपर्ने हो तर छैन ।

फलफूल र जडीबुटी उत्पादनका लागि उपयुक्त जमिन, पर्यावरण, हावापानी, माटो, भूगोल आदिको राम्रोसँग परीक्षण, अनुसन्धान, प्रयोग गरेर उपयुक्त भएका र सुहाउँदो ठाउँमा मात्र ठूला बगान निर्माण गर्ने, नर्सरी खोल्ने र युवा जनशक्तिलाई त्यसमा लगाउने नीति हुनु पर्थ्यो । युवाको क्षमता, योग्यता, विशेषज्ञता र ज्ञान उपयोग गर्ने नीति बनाएर यो क्षेत्रमा लगाउने तथा रोजगारी दिने तत्वबोध हुनु पर्थ्यो ।

ठूला पशुपालन केन्द्र, पन्छीपालन केन्द्र, माछापालन केन्द्र, जडीबुटी ओखती उत्पादन केन्द्र, फलफूल बगान, वनस्पति उद्यानको स्थापना गरी सम्पूर्ण साधन सुविधा सम्पन्न बनाई, औजार, यन्त्र र प्रविधि व्यवस्था गर्दै राज्यद्वारा वैज्ञानिक र प्राविधिक अनुदान र सहयोगको सुनिश्चिततासहित, अनुसन्धान फार्म, प्रयोगात्मक फार्म, उत्पादन फार्म सञ्चालन गर्ने हो भने विशेषज्ञ प्राविधिकसहित राज्यले युवालाई यो उत्पादन क्षेत्रमा लगाउने हो भने युवा पलायन रोक्न सकिन्छ ।

### श्रमप्रति सम्मान नीति

कृषिकर्मलाई सम्मानित कर्मका रूपमा विकास गर्न आवश्यक छ । कृषि क्षेत्रलाई सामाजिक सम्मानको क्षेत्रमा रूपान्तर गर्न आवश्यक छ तर हाम्रो देशमा कृषिकर्म गर्नेलाई उल्टै सामाजिक अपमान गर्ने चलन छ । कृषिकर्मलाई तुच्छ ठान्ने चलन छ । समाजले कृषिमा लाग्नेलाई हेय दृष्टिले हेर्छ । कृषि क्षेत्र सम्मानित क्षेत्र मानिँदैन ।

बौद्धिक श्रम गर्नेहरू कृषिमा शारीरिक श्रम गर्ने कुरालाई हीन र निकृष्ट श्रम मान्छन । 'त्यत्रो पढे लेखेर हेर हलो जोतेर बसेको छ ?' 'फलानाले भन्सारमा खरदारको जागिर खाएर पनि पाँचतले महल ठड्यायो यो डिग्री गर्नेको चाला हेर ?' यस्ता वाक्यले व्यवसायीक कृषि उत्पादनमा लाग्नेलाई अपमान गर्छन ।

तसर्थ सबभन्दा पहिले राज्यले श्रमप्रति सम्मान जगाउनु पर्छ किनकि श्रम गर्नेको सम्मान हाम्रो समाजमा गरिँदैन । अझ खेती किसानी त घृणा र तुच्छताको प्रतीक बनेको छ । किसानलाई हरेक क्षेत्रमा अपमान छ । होच्याइमा परेको कृषिकर्म, यो 'हीन र तुच्छ' अपमानबाट मुक्ति चाहन्छ । सामन्ती 'कल्चर' 'सिस्टम', जमिनदारी, अद्यापि कृषि क्षेत्रमा शासन गर्दैछ ।

यो अवस्थाले गर्दा पनि कृषितर्फ युवामा विकर्षण पैदा भएको सहज अनुमान गर्न सकिन्छ । खेतीपाती गर्ने, पशुपालन गर्ने, फलफूल लगाउने, तरकारी खेती गर्ने, जडीबुटी खेती गर्ने, नगदे खेती गर्ने, कुखुरा, बाखा, गाई, भैंसी, माछापालन गर्ने युवालाई आफ्नो पेसामा गौरव बोध वा गर्व गर्ने वातावरण सिर्जना गर्न आवश्यक छ । उनीहरूलाई राष्ट्रिय सम्मान गर्ने परिवेश सिर्जना गर्न आवश्यक छ ।

प्रत्येक वर्ष 'राष्ट्रपति उत्कृष्ट कृषक सम्मान समारोह' आयोजना गर्नुपर्छ । उनीहरूको सामाजिक मर्यादा स्थापित नगर्ने हो भने आत्मसम्मान बोध स्थापित नगराउने हो भने युवाहरू खेतीपाती त्यागेर, खेतबारी बेचेर वा बाँझो बनाएर, घरपरिवार अलपत्र छाडेर, विदेश पलायन हुने यो स्थिति अन्त्य हुन सक्दैन ।

### युवा चेतना वृद्धिको सन्दर्भ

सबभन्दा पहिले युवालाई देशप्रेम, देशभक्ति, देश सेवा अरू सबै सम्पत्तिभन्दा अमूल्य निधि हो भन्ने चेतना बोध गराउनु पर्छ । विदेशको करोडभन्दा स्वदेशको लाख ठूलो हो भन्ने सिकाउनु पर्छ । देशका लागि आफ्नो स्वार्थ त्याग गर्न तयार रहनु पर्छ । देशलाई आफ्नो मुटुभन्दा बढी माया गर्नु पर्छ भन्ने चेतना जरुरी छ ।

आत्मनिर्भरता, स्वावलम्बन, स्वतन्त्र पेसा, स्वरोजगारमा सम्मान बोध गर्ने परिवेश बनाउनु पर्छ । आजसम्म देशभित्रै स्वाधीन जीवन बाँचेर, स्वतन्त्र पेसा व्यवसाय अँगालेर गौरवान्वित हुने र त्यसैमा रमाएर आत्मसन्तुष्टि लिने मान्यता स्थापित हुन नसक्नु सामन्ती चिन्तन प्रणाली, सामन्ती संस्कार, सामन्ती स्वभाव र सामन्ती प्रवृत्तिकै अवशेष हो ।

स्वदेशमै खेतीको काम गर्नु, उत्पादनमा लाग्नु, आफ्नो व्यवसाय गर्नु, आफैं रोजगार सिर्जना गर्नु र त्यसैमा गर्व गर्ने कुरालाई व्यर्थ ठान्ने तर विदेशका मरुभूमिमा भेडा, उँट चराएर, खेतीकै काम गरेर, बगैंचाका माली बनेर, सफाइकर्मीका रूपमा महिनाको ४०/५० हजार कमाएकोमा ठूलो गर्व गर्ने परम्परा र सोच रहेसम्म युवालाई कृषिकर्मतर्फ मोड्न अथवा आकर्षित गर्न सकिँदैन ।

सामन्ती, जमिनदारीय कृषिप्रणाली वा उत्पादन प्रणालीमा कृषिकर्म, कृषिश्रम, किसानको सम्मान स्थापित गर्न पनि सम्भव छैन । कृषिलाई व्यावसायीकरण गरेर मासिक नगद आम्दानीको क्षेत्रमा विकास नगरे युवाका आवश्यकता र खाँचो पूरा हुन पनि सक्दैनन् । कामचलाउ खेतीको काम गरेर समय बिताउन युवा तयार छैन ।

### कृषि उद्योगमा ध्यान

कृषि उत्पादन वृद्धिका साथै त्यसको औद्योगिकीकरण पनि उत्तिकै आवश्यक छ । कृषिजन्य उत्पादनका साना घरेलु उद्योगको स्थापनामा युवालाई लगाउनु पर्छ । प्रशोधन उद्योग चलाउनु पर्छ । फलफूलका रस, मुरब्बा, ड्राइ फ्रुट, अचार, वाइन, प्याकिङ आदि साना घरेलु उद्योग सञ्चालन गर्न सकिन्छ । जडीबुटीलाई ओखती बनाउने व्यवसाय बनाउन सकिन्छ ।

खाद्यान्नका विविध प्रकार, विविध व्यञ्जन, विविध परिकार विकास गरी निर्यात व्यापार गर्न सकिन्छ । मासु प्रशोधन र प्याकिङ व्यवसाय गर्न सकिन्छ । कृषि फार्ममा यी र यस्तै घरेलु उद्योगको विकास गर्न कामसित सम्बन्धित मसिन, औजार, यन्त्र र प्रविधि युवामा हस्तान्तरण गरी, अनुदान ऋणको व्यवस्था गरी, कृषिलाई आकर्षणको क्षेत्र बनाउन सकिन्छ ।

### कृषि शिक्षाको मूल्य

हाम्रो शिक्षा प्रणाली नै 'बेरोजगार उत्पादन केन्द्र' जस्तो छ । घोकन्ते विद्या, शास्त्रीय विद्या, चिन्तनमूलक शिक्षा, तर्क बहस विमर्शमा आधारित सिद्धान्तवादी शिक्षा, बौद्धिक विलास गर्ने शिक्षाले पनि बेरोजगारी बढाएको छ । यस्तो शिक्षालाई कृषि प्रविधि, उत्पादन, उद्योगमा आधारित, प्रयोजनपरक, उपयोगी, प्रयोगात्मक, व्यावहारिक बनाउनु जरुरी छ । ता कि पढेर सिप, दक्षता, क्षमता पैप्ट होस, कृषिमा खोज अनुसन्धान, आविष्कार गर्न सकोस । पढेपछि सोझै व्यवहारमा जान सक्ने होस ।

विद्यार्थी दक्ष र शिल्पी बनून । हातमा स्वरोजगार बन्न सक्ने प्रमाणपत्र होस् र प्रयोजनमुखी, व्यवहारमुखी, प्रयोगमुखी, सिप र हातेकलामुखी शिक्षा होस् तब न बेरोजगार हुँदैनन् । शिक्षाले युवालाई अस्तव्यस्त होइन, व्यस्त बनाउनु पर्छ । शारीरिक श्रम र बौद्धिक श्रम दुवै समान हुन भन्ने बनाउनु पर्छ । प्रायोगिक शिक्षाको सिप दिएर उत्तीर्ण बनाउनु पर्छ ।

भौतिक श्रम गर्न लाज मान्ने शिक्षा के काम ? शारीरिक श्रम गर्नु त नीच काम हो भन्ने शिक्षा के काम ? माटो ढुङ्गासँग खेल्ने काम अनपढले गर्ने काम हो भन्ने शिक्षा के काम ? यस्तै कारणले युवा विदेश पसेको हो । सानातिना काम गर्न लाज लागेर ।

देशमा पढ्न नसकेकै कारण, ऋण तिर्नकै लागि, जडौरी मरमसला जोहो गर्नकै लागि, छोराछोरी पढाउनकै लागि, अभाव र आवश्यकता पूर्ति गर्नकै लागि, रोजगारी र काम नपाएकै कारण, गरिबीबाट बच्नकै लागि युवा विदेश गएको हो भन्ने कुरामा पूर्ण सत्यता छैन । १५ लाखदेखि ८० लाखसम्म मानव तस्करका हातमा पैसा थमाइ दिएर मेक्सिकोका जङ्गलमा भौंतारिन कसरी रहर जाग्यो ?

मर्न भनेर युक्रेनका युद्धमा अवैध रूपमा किन युवा गयो ? खेतबारी बाँझो बनाएर, आमाका गरगहनासमेत बेचेर, जानी जानी दलालका जालमा फँसेर, गरिरहेको जागिर लात मारेर, मासिक लाखौं रुपियाँ कमाइ भइरहेको व्यवसाय नै छोडेर, सबै बन्दोबस्त हुँदाहुँदै र बाउको सम्पत्ति प्रशस्त छँदाछँदै, 'गाडी चढ्ने रहर हो भने गाडी किनिदिन्छु विदेश नजा' भन्दा पनि लहै लहैमा विदेश भासिने र त्यहाँ गाडी धुने, सडक सफा गर्ने, ग्रोसरीमा काम गर्ने, शौचालय सफा गर्ने, भेडा, उँट, घोडा, गाई चराउने जस्ता काम गर्न विदेश भासिन केले हुटहुटी दियो ? (गोरखापत्र दैनिकबाट)

# गठबन्धन ...

यो गठबन्धन सरकार गम्भीर बनेको मन्त्री भण्डारीले बताए ।

एमालेले एक महिने मध्यपहाडी लोकमार्ग सङ्कल्प यात्रा सम्पन्न गरेर सामाजिक, आर्थिक, सांस्कृतिकसँगै चुनौती र सम्भावनाहरुका सन्दर्भमा सुझावसहित विकास र समृद्धिको खाका निर्माण गरेको र यसलाई इमान्दारितकासाथ पुरा गर्ने अभिभारा अब नयाँ सरकारको काँधमा आएको बताए ।

'आर्थिक तरलताले मुलुकको अर्थतन्त्र निकै कमजोर बनेको छ,' मन्त्री भण्डारीले भने,'यस्ता चुनौतीको सामना गरेर जनतालाई आर्थिक समृद्धिसहित सुशासनको प्रत्याभूति दिने गरी सरकार अघि बढ्ने छ ।'

नेकपा एमालेका केन्द्रीय सदस्य मन्त्री भण्डारीले हाल सुदूरपश्चिमका विभिन्न जिल्लाहरूमा हुन लागेका जिल्ला अधिवेशनहरूलाई भव्यरुपमा सम्पन्न गर्दै सुझबुझपूर्ण ढंगले सक्रिय नेतृत्व निर्माणका लागि सबै नेता तथा कार्यकर्ताहरू जुट्न आग्रह गरे ।

नेकपा एमालेको बैतडी जिल्ला अधिवेशन यही फागुन २८ गते एमालेका वरिष्ठ केन्द्रीय उपाध्यक्ष ईश्वर पोखरेलले उद्घाटन गर्ने कार्यक्रम रहेकाले त्यसको तयारीका लागि मन्त्री भण्डारी आइतबारनै बैतडीतर्फ प्रस्थान गरेका छन । अधिवेशनको सम्पुर्ण तयारी पुरा भइसकेको र पोखरेल बैतडी पुगिसकेको एमाले बैतडीले जनाएको छ ।

## तपाईंको आज

| राशि | |
|---|---|
| मेष | रोजगारीको अवशर |
| वृष | नशा सम्बन्धि समस्या |
| मिथुन | नयाँ लगानी गर्न नहुने |
| कर्कट | लेनदेनमा विवाद हुने |
| सिंह | विचारमा कपट बढ्ने |
| कन्या | सवारी साधन खरिद |
| तुला | खेल क्षेत्रमा सफलता |
| वृश्चिक | कृषिकर्ममा मनलाग्ने |
| धनु | नयाँ प्रेम सम्बन्ध बन्ने |
| मकर | सन्तानबाट शुख वृद्धि |
| कुम्भ | वैदेशिक यात्राको योग |
| मीन | पारिवारिक सदभाव |

# प्रदेश सरकार ढाल्न नयाँ गठबन्धनका नेताहरू सक्रिय

● देवभूमी सम्वाददाता

**धनगढी**-सुदूरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमलबहादुर शाह नेतृत्वको सरकार ढाल्न नयाँ गठबन्धनका नेताहरुले सक्रियता बढाएका छन ।

मुख्यमन्त्री शाहले नागरिक उन्मुक्ति पार्टीका सात जना, राप्रपा र स्वतन्त्र १/१ जना प्रदेश सभा सदस्यको समर्थनमा सरकार जोगाउने सम्भावना कायमै छ।

हालको अवस्थामा राप्रपाकी प्रदेश सभा सदस्य खेमा बिष्ट र स्वतन्त्र सांसद डा. तारा जोशी निर्णायक देखिएकाले नयाँ गठबन्धनले वार्ता शुरु गरेको छ।

# मन्त्रालय फुटाएर सत्ता टिकाउने खेल

**धनगढी (देस)**-सुदुरपश्चिम प्रदेश सरकारका मुख्यमन्त्री मन्त्री कमलबहादुर शाह सरकार जोगाउन प्रयत्नरत छन ।

सत्ता जोगाउन मुख्यमन्त्री शाहलाई एक जना स्वतन्त्र सांसद डा. तारा जोशी र राप्रपाकी एक्ली सांसद खिमा देवी बिष्टको साथ अनिवार्य छ । मुख्यमन्त्री शाहले सांसद जोशी र बिष्टलाई प्रभावशाली मन्त्रालय दिएर सरकारमा ल्याउन प्रयत्न गरिरहेका छन । जसका लागि यहाँको दुई मन्त्रालयलाई विभाजन गर्नेसम्मको गृहकार्य मुख्यमन्त्री शाहले थालेको स्रोतको दाबी छ ।

स्वतन्त्र सांसद डा. जोशीले आर्थिक मामिला मन्त्रालय माग गरेका छन । सामाजिक विकास र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय टुक्र्याएर सत्ता जोगाउने रणनीतिमा मुख्यमन्त्री छन ।


## सम्पुर्ण उपभोक्ता बर्गमा आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

तपाईले कुनै बस्तु वा सेवा खरिद गर्दै हुनुहुन्छ भने खरिद गर्नु पुर्व यो कुराहरुमा ध्यान दिनुहोस ।

- दर्तावाला व्यवसायीहरुबाट मात्र चिज बस्तु खरिद गर्नुहोस ।
- उद्योग व्यवसायको कारोबार गर्ने स्थानमा साइनबोर्ड, उत्पादकको नाम, ठेगाना, प्यान भ्याट आदि दर्ता कागजात छन ? छैनन् ? हेर्ने र बुझ्ने गरौं ।
- औषधि, औषधिजन्य उत्पादन एवं अन्य उपभोग्य बस्तुमा लेबल, बस्तुको मुल्यसुँची, नाप तौल, उपभोग्य मिति आदि जाँचबुझ गरेर मात्र खरिद बिक्री गरौं ।
- बस्तु उत्पादनका सिलसिलामा प्रयोग भएका कच्चा पदार्थ, भण्डारण विधि, उपभोग गर्ने तौरतरिका र सरसफाई छ ? छैन ? हेरौं ।
- बस्तु तथा सेवा खरिद गर्दा बिल पाउनु हरेक उपभोक्ताको अधिकार हो। अनिवार्य रुपमा प्यान वा भ्याट बिल लिने दिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य बस्तुबाट हानी नोक्सानी हुने भएमा सम्बन्धित जिल्ला क्षतिपुर्ति समिति, स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित सरोकारवाला कार्यालयमा उजुरी गरौं।
- उपभोक्ता हित विपरित कार्य भएको थाहा पाएमा नागरिक खबरदारी गरेर असल उपभोक्ताको पहिचान दिलाऔं ।
- उद्योगी व्यवसायीहरुले पनि व्यापारसँगै कुशल व्यबहार गरेर असल व्यवसायीको पहिचान दिलाऔं ।

**आलिताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

## तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा बिउ उत्पादन केन्द्र डडेल्धुराको अनुरोध

'बीउ गुनाको बोट, बोट गुनाको फल' उत्पादन हुने भएकाले गुणस्तरीय बीउविजनको प्रयोगगर्दै गुणस्तरीय बीउ उत्पादनको सुनिश्चितताका लागि संकेत पत्र (ट्याग) सहितको बीउ उत्पादनलाई प्रोत्साहन गरौं ।

**तरकारी जर्मप्लाज्म सम्वर्द्धन तथा बिउ उत्पादन केन्द्र डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

## गन्यापधुरा गाँउपालिकाको अनुरोध

- जन्म, मृत्यु, बिवाह, बसाईसराई जस्ता ब्यक्तिगत घटनाहरु घटना भएको ३५ दिनभित्रै सम्बन्धित वडा कार्यालयमा गई ब्यक्तिगत घटना दर्ता गराऔं।
- बिद्यालय जाने उमेर समुहका बालबालिकाहरुलाई बिद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सफा राखौं । खानेपानी शुद्धिकरण गरेर मात्रै पिउने बानीको विकास गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले बालविवाह नगरौं । २० बर्ष उमेर पार गरेपछि मात्रै विवाह गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- पुराना पोखरी, कुवा र पानीका श्रोतहरुको संरक्षण सम्वर्द्धन गरौं ।
- सम्भावित स्थानहरुमा पोखरी निर्माणगरि पानीका मुहानहरु प्रवर्द्धन गरौं ।
- आफ्नो पायकपर्ने स्थानको सडकको छेउछाँउमा घाँस तथा अन्य बिरुवा रोपी हरियाली बनाऔं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं । बर्षातका बेला बग्ने भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीहरुबाट स्वास्थ्य संस्थामै गएर प्रसुती गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधक सल्लाह बमोजिम उन्नत बिउबिजनको प्रयोगगरि कृषिजन्य बस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धी गरौं ।
- आफ्नो क्षेत्र र समुदायमा रहेका सम्भावित पर्यटकीयस्थलहरुको संरक्षण सम्वर्द्धन र विकासमा योगदान पुगाउदै पर्यटन पर्वद्धनमा टेवा पुगाऔं ।
- सडक छेउछाउमा घर निर्माण नगरौ । नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- आ-आफ्नो घर अगाडिको सडक सफाराखि नगरपालिकालाई सुन्दर बनाउन सहयोग गरौं ।
- गन्यापधुरा गाउँपालिका गाँउपालिकाबासीहरुलाई प्रचलित कानून प्रद्रत हरेक सेवा दिन तयार रहेकोछ । त्यसैले सेवाका लागी हातमा हात बढाएर अघि बढौं ।
- गन्यापधुरा गाउँपालिकाद्वारा गरिने विकास निर्माणका कार्यहरुमा अनियमितता र मनोमानीका साथै भ्रष्टाचार भएको शंका भएमा तुरुन्त गाँउ कार्यपालिकाको कार्यालयमा उजुरी दिई जिम्मेवार नागरिकको कर्तव्य निर्वाह गरौं ।
- आवश्यक कागजात र प्रकृया पुरागरेर गाँउपालिकाको सेवा सहजै प्राप्त गर्नुहोस् ।
- भ्रष्टाचाररहित समाजको निर्माण गरौं । शुशासन प्रवर्द्धन गर्न हातेमालो गरौं ।
- गाँउपालिकास्तरमा कृयासिल सबै निकायहरु समन्वय र सहकार्यकासाथ प्रभावकारी र उपलब्धीमुलक रुपमा योजना कार्यान्वयन गरौं । जातीय र लैगिंक हिंसा न्युनीकरण गरौं । कुनै पनि खालको विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाभित्र सबै योजना, आयोजनाहरुमा व्यापक जनसहभागिता जुटाऔं । पारदर्शी रुपमा योजनाहरु निर्धारित समयभित्रै सम्पन्न गरौं ।

ज्ञानुकुमारी सेटी देउवा
उपाध्यक्ष

दिलिपकुमार तामाङ
प्रमुख प्रशासकीय अधिकृत

इन्द्रबहादुर कार्की
अध्यक्ष

**गन्यापधुरा गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय गणेशपुर, डडेल्धुराद्वारा जनहितमा जारी सन्देश**

**जस्तोसुकै छपाई सम्बन्धि कामका लागि अब बाहिर जानु पर्दैन ।**

अब डडेल्धुरामा सुपथ मुल्यमा गुणस्तरीय रंगीन तथा सादा छपाई कार्य गर्नुपरेमा सदैव हामीलाई सेवाको अवशर दिनुहोस ।

**न्यू कैलपाल प्रिन्टिङ प्रेस**

अमरगढी-५ तुफानडाँडा, डडेल्धुरा



९८४८७४३४०३
९८४७५४१३०१
९८४८७२८८४२

यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गरिन्छ ।

## सुपथ मुल्यमा भरपर्दो उपचारका लागि

**चिरञ्जीवी पोलि क्लीनिक**

पुरानो रेडक्रस भवन, बागबजार, बगरकोट रोड, डडेल्धुरा, फोन नं. ०९६-४२०७८०

**यस पोलिक्लिनिकबाट उपलब्ध सेवाहरू**

- २४ सै घण्टा आकस्मिक (ईमर्जेन्सी) सेवा ।
- ओ.पी.डि. सेवा ।
- सुविधा सम्पन्न आधुनिक ल्याव सेवा ।
- महिला डाक्टरद्वारा महिलाहरुको चेकजाँच ।
- बिभिन्न रोगको नि:शुल्क परामर्श सेवा ।
- नियमित गर्भजाँच, सुत्केरी जाँच गराईने ।

डा. निर्मला भट्ट




फोन नं. ०९६-४२०७८०


झिल्को मिडिया एण्ड कन्सलटेन्सी सर्विस प्रा.लि.का लागि **गोपाल थापाद्वारा** प्रकाशित न्यू कैलपाल प्रिन्टङ प्रेसद्वारा मुद्रित सम्पादक : **गणेशबहादुर मगर**
**कार्यालय**: अमरगढी न.पा.-५ डडेल्धुरा सम्पर्क नं. ९८४८७६७५५३ **Email :** devbhumeenews@gmail.com, प्रधान सम्पादक:**राम धामी**